कम्पनी दर्ता नं. ९८०९२/०६५/०६६

समीट लघुवित्त वित्तीय संस्था लि.
Summit Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
Tel: 977-065-540633
Tel: 977-065-540706
E-mail: banksummit@yahoo.com
Website: www.summitbank.com.np

१२१२/२०७७/०७८

मिति : २०७७/१२/०६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा,
काठमाण्डौं, नेपाल ।

**विषय : वार्षिक साधारण सभा सम्पन्न गर्ने तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महाशय,

प्रस्तुत विषयमा यस समीट लघुवित्त वित्तीय संस्था लि. को मिति २०७७/१२/०६ गते बसेको सञ्चालक समितिको ८ औं बैठकको निर्णयानुसार यस संस्थाको १२ औं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७७/१२/२९ गते, आइतबार (११ अप्रिल, २०२१)
समय : बिहान १०:०० बजे ।
स्थान : आँबुखैरैनी रेष्टुरेष्ट एण्ड पार्टी प्यालेस, आँबुखैरेनी ३, तनहुँ

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची :**

क. **साधारण प्रस्तावहरु :**

१. अध्यक्षज्यूको मन्तव्यसहितको आर्थिक वर्ष २०७६/७७ को साविक सजिलो लघुवित्त वित्तीय संस्था लि. तथा साविक समीट लघुवित्त वित्तीय संस्था लि.को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको २०७७ अषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी साविक सजिलो लघुवित्त वित्तीय संस्था लि. तथा साविक समीट लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरणहरु पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
४. संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरु निर्वाचन गर्ने सम्बन्धमा ।

समीट लघुवित्त वित्तीय संस्था लि.
Summit Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)
Tel: 977-065-540633
Tel: 977-065-540706
E-mail: banksummit@yahoo.com
Website: www.summitbank.com.np

ख. **विशेष प्रस्तावहरु :**

१. सजिलो लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) पश्चात संस्थापक शेयर र सर्वसाधारण शेयर पूँजीको अनुपात मिलान गर्दा नपुग भएको सर्वसाधारण तर्फको ६,००,००० (छ लाख) थान कित्ता साधारण शेयर प्रिमियममा थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

२. समीट लघुवित्त वित्तीय संस्था लि. र नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्न/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने तथा गाभ्ने/गाभिने वा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३. गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिको सेवा सुविधा परिमार्जन सम्बन्धमा ।

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यकता अनुसार संशोधन गर्ने र संशोधनमा नियमनकारी निकायहरुबाट कुनै परिमार्जन, फेरबदल गर्न सुझाव तथा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

ग. **विविध**

दोश्रो शेयर बजारमा हुने यस संस्थाको शेयर खरिद विक्रीको दाखिल खारेज मिति २०७७/१२/१७ गतेदेखि साधारण सभा सम्पन्न नहुञ्जेलसम्मका लागि बन्द रहनेछ र मिति २०७७/१२/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई ७ कार्य दिन भित्र यस संस्थाको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड काठमाण्डौंमा दाखिल खारेज भई कायम भएका शेयरधनीहरु मात्र संस्थाको वार्षिक साधारण सभामा सहभागी हुन योग्य हुनेछन् ।

बोधार्थ :
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं

भवदीय,

देबेन्द्र बहादुर बस्नेत
(प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव)